# सम्माननीय कायम मुकायम प्रधान न्यायाधीशसँग संयुक्त राज्य अमेरिकाका राजदूतको भेट

सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्कीज्यूसँग संयुक्त राज्य अमेरिकाको नेपालस्थित राजदूत H.E. Dean R. Thompson ले शिष्टाचार भेट गर्न चाहनुभएको बेहोरा उल्लेख गरी नेपालस्थित संयुक्त राज्य अमेरिकाको राजदूतावासबाट मिति २०७९।९।१२ (तदनुसार २०२२।१२।२७)मा पठाइएको अनुरोधपत्र अनुरूप परराष्ट्र मन्त्रालयको समन्वयमा भेटघाटको कार्यक्रम मिति २०७९।१०।२७ गते बिहान १०:३० बजे गर्ने गरी तय गरिएको थियो।

सर्वोच्च अदालतका सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की र संयुक्त राज्य अमेरिकाका राजदूत H.E. Dean R. Thompson बीच शिष्टाचार भेटघाटको कार्यक्रम निर्धारित समयमा सम्पन्न भयो। भेटघाटको क्रममा सम्माननीय कायम मुकायम प्रधान न्यायाधीशज्यूले महामहिम राजदूतज्यूलाई सर्वोच्च अदालतमा स्वागत गर्दै नेपालको लागि राजदूत नियुक्त हुनुभएकोमा बधाई तथा उहाँको सफल कार्यकालको शुभकामनासमेत व्यक्त गर्नुभयो। यसै सिलसिलामा दुवै देशबीच लामो समयदेखि अत्यन्त मित्रवत्, सुमधूर, सौहार्दपूर्ण र सहयोगात्मक सम्बन्ध रही आएको विषयमा प्रकाश पार्नुभयो। सो अवसरमा नेपाल र संयुक्त राज्य अमेरिकाको न्यायपालिका एवम् न्याय क्षेत्रको आपसी सम्बन्धबारे छलफल भयो। समान प्रकृतिको कानून प्रणाली अवलम्बन गरेका दुवै देशको कानून तथा न्याय पद्धति, समृद्ध अभ्यास र अनुभवहरूको आदान प्रदान भई नेपालमा हाल प्रचलनमा रहेको संहिता, कानूनहरुको कार्यान्वयनमा देखिएका चुनौती र संयुक्त राज्य अमेरिकाबाट हुन सक्ने सहयोग र सहकार्यका क्षेत्रहरुको बारेमा समेत घनीभूत रूपमा छलफल भयो।

अन्तमा, महामहिम राजदूतले संयुक्त राज्य अमेरिका नेपालको न्यायालयप्रति सदैव सकारात्मक रहेको र विगतदेखि विभिन्न क्षेत्रमा हुँदै आएको आपसी सहयोग र सहकार्यलाई निरन्तरता दिदैं नेपालको न्यायालयले आत्मसात् गरेका सुधारका क्षेत्रहरुमा आवश्यक सहयोग गर्न तत्पर रहेको जाहेर गर्नुभयो।

भेटवार्तामा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार, रजिस्ट्रारद्वय, प्रधानन्यायाधीशज्यूका सचिवालयका अधिकृतज्यूहरू तथा परराष्ट्र मन्त्रालयलगायत अमेरिकाको राजदूतावासका प्रतिनिधिहरूसमेत उपस्थित हुनुहुन्थ्यो।

२०७९ साल माघ २७ गते, शुक्रबार।